# नागरिक-वडापत्र




वीरगंज महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
वीरगंज,पर्सा ।
२०७५/०७६

Email:info@birgunjmun.gov.np
Website : www.birgunjmun.gov.np

वीरगंज महानगरपालिकाद्वारा
नगरवासीहरुका नाममा जारी गरिएको

# नागरिक वडापत्र

Citizen Charter

२०७५/०७६

**वीरगंज महानगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

वीरगंज, पर्सा

**प्रकाशक :**
वीरगंज महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
वीरगंज, पर्सा

सर्वाधिकार
प्रकाशकमा सुरक्षित

सम्पर्कको लागि
वीरगंज महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
वीरगंज, पर्सा
फोन नं.०५१-५२२८०२

Email:info@birgunjmun.gov.np
Website : www.birgunjmun.gov.np

# वीरगंज महानगरपालिका
## नागरिक वडापत्र २०७५/०७६

**आदरणीय नगरवासी दाजुभाई तथा दिदी बहिनीहरु :**

वीरगंज महानगरपालिका नगरको सर्वाङ्गीण विकास तथा नगरवासीहरुलाई स्तरीय सेवा सुविधा उपलब्ध गराउन सदैव क्रियाशील रहदै आएको छ। यसै सन्दर्भमा महानगरपालिकाले साविक देखि नै नागरिक बडापत्र जारी गरी नगरपालिकाद्वारा प्रदान गरिने सेवा सुविधाको किटान गरी तोकिएको समय भित्र आधुनिक तरिकावाट जनताका कामहरुलाई छिटो छरितो, चुस्त-दुरुस्त र समय सिमा भित्र सम्पन्न गर्दै आईरहेको छ । यस कार्यका लागि नगरवासीहरुको सदभाव, सल्लाह-सुझाव र सहभागिता समेत प्राप्त हुंदै आएको छ। यसबाट नगरवासीहरुले बिना कुनै झन्झट सरल रुपमा सेवा प्राप्त गर्न सक्नु हुनेछ भन्ने हामीले विश्वास लिएका छौँ । हामीले यस नागरिक बडापत्र मार्फत व्यक्त गरेका प्रतिबद्धताहरु कार्यान्वयन गर्नमा आदरणीय नगरवासीहरुको पनि सहयोगको अपेक्षा गरेका छौ ।

# नागरिक वडापत्र

**वीरगंज महानगरपालिकाबाट उपलब्ध गराईने सेवाहरु :-**

**१. मालपोत (भूमीकर) :-**

**(क) आवश्यक कागजातहरुः-**

- ☼ निवेदन पत्र र नागरिकता प्रमाणपत्रको फोटोकपी ।
- ☼ प्रथम वर्षका लागि जग्गाधनी प्रमाण पुर्जा र नवीकरणका लागि अघिल्लो आ.व. मालपोत तिरेको रसिद ।
- ☼ घरजग्गा कर वा एकीकृत सम्पतिकर तिरेको प्रमाण ।

**(ख) लाग्ने करको दर :-**

| | | |
|---|---|---|
| अ) | अव्वल प्रतिकठ्ठा | रु.२५/- |
| आ) | दोयम प्रतिकठ्ठा | रु.२०/- |
| इ) | सिम प्रतिकठ्ठा | रु.१५/- |
| ई) | चाहार प्रतिकठ्ठा | रु.१०/- |
| उ) | वर्ग नखुलेको हकमा प्रतिकठ्ठा | रु.१०/- |

**(ग) लाग्ने समयः-** सोही दिन ।

**नोटः- वडा नं.१७ देखि ३२ सम्मको लागि माथि उल्लेखित दर कायम हुनेछ भने वडा नं ०१ देखि १६ सम्मका वडाहरुको हकमा साविकमा न.पा.ले कायम गरी असूल गर्दै आएको दर वमोजिम मालपोत (भूमीकर) कर लाग्नेछ ।**

## २. घरजग्गा कर एवं एकीकृत सम्पति कर असूली प्रकृया :

वीरगंज महानगरपालिका कार्यालयले नगरपालिका क्षेत्रभित्र व्यक्ति एवं संस्थाको नाउँमा रहेको जग्गा एवं भौतिक संरचनाहरुको एकमुष्ठ मुल्यांकन गरी कर संकलन गर्ने गरी आ.व.२०७०/०७१ सम्म घरजग्गा कर र आ.व.२०७१/०७२ देखि एकीकृत सम्पतिकर लागु गरी कर असूल गर्दै आएको छ । उक्त कर तिर्नका लागि निम्न कागजातहरु संलग्न गरी तोकिएको ढाँचामा दरखास्त फारम पेश गर्नु पर्नेछ ।

**(क) आवश्यक कागजातहरु :**

- ☼ वीरगंज महानगरपालिकावाट उपलव्ध हुने एकीकृत सम्पति करको विवरण फारममा सम्पतिको विवरण भरी पेश गर्नु पर्नेछ ।
- ☼ नागरिकता प्रमाणपत्रको फोटोकपी ।
- ☼ जग्गाको लालपुर्जाको फोटोकपी तथा संरचना निर्माण भएकोमा नक्सापास प्रमाणपत्रको प्रतिलिपी ।
- ☼ साविकमा नक्सापास नगरी निर्माण भएका भवनहरुको हकमा स्थलगत प्राविधिक प्रतिवेदन वमोजिम कर निर्धारण गरिने ।

- ☼ वी.म.न.पा.भित्रका संरचना तथा जग्गाहरुको सम्पूर्ण विवरण एकैपटक पेश गर्नु पर्नेछ ।
- ☼ भवन/जग्गा खरिद गर्दा मालपोत कार्यालयवाट पारित रजिष्ट्रेशनको प्रतिलिपी अनिवार्य पेश गर्नु पर्ने ।
- ☼ सम्वन्धित घरजग्गाको गत आ.व. सम्मको कर तिरेको प्रमाण पेश गर्नु पर्ने ।

(ख) **सेवा शुल्क/दस्तुर : महा**नगरपालिकाको सम्बन्धित आर्थिक बर्षको आर्थिक ऐनमा उल्लेख भए बमोजिमको दररेट अनुसार ।

(ग) **सम्बन्धित शाखा/अधिकारीः**-राजस्व महाशाखा ।

(घ) **लाग्ने समयः**- सोही दिन । प्राविधिक प्रतिवेदन लिनु पर्ने भए २ दिन भित्र ।

**पुनश्चः**:एक पटक दरखास्त फारम भरिसकेपछि दोऱ्याएर भर्नु पर्दैन तर जग्गा एवं भौतिक संरचना थपघट भएमा संसोधन गराउनु पर्नेछ ।

## ३. <u>बहालकर :-</u>

(क) **आवश्यक कागजातहरुः-**

- ☼ निवदेन पत्र ।
- ☼ बहाल सम्झौता पत्र ।
- ☼ नेपाल सरकारमा बहाल संग सम्वन्धित निकायमा दर्ता गरेको प्रमाण पत्रको प्रतिलिपी ।
- ☼ चालु आ.व. सम्मको कर तिरेको प्रमाण पेश गर्नु पर्ने ।

(ख) **लाग्ने कर :-** वार्षिक वहाल रकममा वार्षिक १२ % ले कर लाग्ने छ ।

(ग) **लाग्ने समयः**- आवश्यक कागजात पेश गरे सोही दिन । स्थलगत वुझ्नु परेमा वढीमा २ दिन ।

## ४ <u>घर नक्सापास गर्नको लागि :-</u>

वीरगंज म.न.पा.क्षेत्र भित्रका नगरवासीले भवन/गोदाम आदि निर्माण कार्यको लागि नक्सा पास गराई पाउँ भनी रित पुऱ्याई उपलब्ध नक्सा दरखास्त फारम भरेर पेश गरेमा देहायका प्रकृया अपनाई नक्सा पास गरिनेछ ।

### क) आवश्यक कागजातहरु :

- ☼ जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपी ।
- ☼ प्रष्ट रुपमा वाटो र सँधियारहरुको कित्ता नं.खुलेको नापी/नक्सा ट्रेस नक्सा ।
- ☼ प्रस्ताव गरिएको भवन वा अन्य निर्माण कार्यको जग्गा विकास एवं **भवन मापदण्ड २०७२** बमोजिम महानगरपालिकाबाट नवीकरण सहित सुचिकृत भएका कन्सल्टेन्सी, फर्म ईन्जिनियर/प्रविधिबाट तयार गरिएको नक्सा २ प्रति ।
- ☼ जग्गा रजिष्ट्रेशनको प्रतिलिपी ।
- ☼ चारकिल्ला प्रमाणित ।
- ☼ निवेदकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी ।

- ☼ फोटो ९ प्रति ।
- ☼ सम्वन्धित व्यक्ति उपस्थित हुन नसकेमा वारिसनामा पेश गर्नु पर्ने ।
  सम्पतिकर तिरेको रसिदको प्रतिलिपी ।

**(ख) सम्बन्धित शाखा/अधिकारी :** भवन तथा भवन संहिता एवं निर्माण इजाजत शाखा र कार्यालय प्रमुखले अन्यलाई अधिकार प्रत्यायोजन गरेको अवस्थामा अन्य प्राविधिक कर्मचारीहरु समेत ।

## (ग) नक्सा पास हुने अवधि :-:

नक्सा पासको लागि माथि (क) महलमा उल्लेखित कागजात सहित निवेदन दर्ता हुन आएको हकमा त्यस्तो भवनको निर्माणबाट कुनै सँधियारलाई मर्का पर्ने भए आफूलाई मर्का परेको विवरण खुलाई पन्ध्र दिन भित्र उजुर गर्न सूचना टाँस हुने र सो म्याद नाघेको तीन दिन भित्र ईन्जिनियर वा सव ईन्जिनियर र अन्य कर्मचारी समेतको संयूक्त रुपमा खटाई दरखास्तमा उल्लेख भए बमोजिम भवन निर्माण गर्न मिल्ने नमिल्ने कुराको जाँच गर्ने र जाँचमा खटिएका कर्मचारीले त्यसरी जाँच गर्न खटिएको मितिले पन्ध्र दिन भित्र प्रतिवेदन पेश गर्नु पर्ने छ ।

उजुरी नपरेको निवेदनमा प्रतिवेदन प्राप्त भएको मितिले सात दिन भित्र भवन निर्माण गर्ने स्वीकृति प्राप्त हुनेछ र उजुरी परेको हक बेहकमा निर्णय दिनु पर्ने अवस्था बाहेकमा प्रतिवेदन प्राप्त भएको मितिले तीस दिन भित्र भवन निर्माण गर्न स्वीकृति प्राप्त हुनेछ ।

## (घ) नक्सा पास दस्तुर :

| | | |
|---|---|---|
| १) | वेसमेन्ट प्रतिवर्ग फुट | रु.१०/- |
| २) | भुई तल्ला प्रतिवर्ग फुट | रु.१०।- |
| ३) | पहिलो तल्ला प्रतिवर्ग फुट | रु.१०।- |
| ४) | दोश्रो तल्ला प्रतिवर्ग फुट | रु.१०।- |
| ५) | तेश्रो तल्ला र सो भन्दा माथि प्रतिवर्ग फुट | रु.१५।- |
| ६) | सेडघर, उद्योग तथा व्यवसाय प्रयोजनको लागि प्रतिवर्ग फुट | रु.५।- |
| ७) | कम्पाउण्डवाल प्रति रनिङ्ग फिट | रु.२५/- |
| ८) | पारित नक्साको नक्कल लिदा नक्सा पास दस्तुर | रु.३०।- |
| ९) | निर्माण कार्य रोक्का वापत लाग्ने दस्तुर | रु.५००/- |
| १०) | नक्सा निवेदन पुस्तिका | रु.५००/- |
| ११) | नो अव्जेक्सन सर्टिफिकेट दस्तुर | रु.५००/- |

**(ङ) भवन निर्माण गर्नु पर्ने अवधि** :

भवन निर्माण गर्ने अनुमति पाएको व्यक्ति वा सरकारी कार्यालयले त्यसरी अनुमति पाएको मितिले दुई वर्ष भित्र त्यस्तो भवन निर्माण गर्नुपर्ने छ ।

## ४(क) निर्माण सम्पन्न प्रमाणपत्र :-

वी.म.न.पा., नगर कार्यपालिकाको कार्यालयबाट स्वीकृत नक्सा अनुसार निर्माण सम्पन्न गरी निर्माण सम्पन्न प्रमाणपत्र माग गरेमा स्वीकृत नक्सा अनुसार निर्माण भए नभएको चेक जाँच गरी महानगरपालिकाको कार्यालयले ७ दिन भित्र निर्माण सम्पन्न प्रमाणपत्र उपलब्ध गराउने छ ।

(अ) **सम्पन्नताको प्रमाण-पत्र दस्तुर** रु.१/- (प्रतिवर्ग फुट)

(आ) **सम्बन्धि शाखा/अधिकारी :-** भवन तथा भवन संहिता एवं निर्माण इजाजत शाखा

## ४(ख) नक्सा नामसारी :-

वीरगंज महानगरपालिका क्षेत्र भित्रका नगरवासीले घर जग्गा किनबेच भई नामसारी गर्न गराउन परेमा संयुक्त निवेदन सहित दुवै पक्षको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी र महानगरपालिकाद्वारा मुल्यांकन गरिएको कागजात विक्री सम्बन्धि लिखतको प्रतिलिपी सहित सम्बन्धित दुवै पक्षले सनाखत गरेपछि आवश्यक प्रकृया पुऱ्याई सोही दिन नक्सा नामसारी गरिनेछ ।

(अ) **नक्सा नामसारी दस्तुर** :- निवेदन दस्तुर रु.५।-, लिफा दस्तुर रु.२५/- र नामसारी दस्तुर देहाय बमोजिम लाग्ने छ ।

| | | |
|---|---|---|
| अ) | १ देखि १००० वर्गफिट सम्म | रु. २,०००।- |
| आ) | १००१ देखि १५०० वर्गफिट सम्म | रु. ४,०००।- |
| इ) | १५०१ देखि २००० वर्गफिट सम्म | रु. ६,०००।- |
| ई) | २००१ देखि ५००० वर्गफिट सम्म | रु. १०,०००।- |
| उ) | ५००१ देखि १००००वर्गफिट सम्म | रु. ३०,०००।- |
| उ) | १०००१ वर्गफिट भन्दा माथि | रु.४०,०००।- |

## ५ व्यवसाय दर्ता तथा नविकरण तर्फ :

### (क) आवश्यक कागजातहरु :

- व्यवसाय दर्ता निवेदन फाराम भरी पेश गर्नु पर्ने ।
- नागरिकताको प्रतिलिपी, विदेशीको हकमा सम्वन्धित देशको राजदुतावासको सिफारिस पत्र ।
- घरजग्गा भाडामा लिएकोमा घर/जग्गाधनीसंग भएको बहाल सम्झौता पत्र ।
- पासपोर्ट साईजको २ प्रति फोटो ।
- स्थानीय तहमा दर्ता नगरी प्यान/भ्याट वा अन्य निकायमा दर्ता गरी व्यवसाय गर्नेहरुको हकमा प्यान/भ्याट मा दर्ता भएको प्रमाण पत्र र अन्य निकायले जारी गरेको व्यवसाय प्रमाण पत्रको प्रतिलिपी ।
- नवीकरणको हकमा गत आ.व. सम्मको कर चुक्ता गरेको सक्कल प्रमाण पेश गर्नु पर्ने ।
- आफ्नै घरजग्गामा व्यवसाय गर्नेले महानगरपालिकालाई बुझाउनु पर्ने चालु आ.व. सम्मको सम्पति कर बुझाएको प्रमाण पेश गर्नु पर्नेछ ।

(ख) **सेवा शुल्क/दस्तुर :** निवेदन दस्तुर रु ५/-, लिफा रु.२५/-, प्रमाणपत्र दस्तुर रु.१००।- र व्यवसाय कर महानगरपालिकाले तोकेको दररेट बमोजिम हुनेछ ।

(ग) **सम्बन्धित शाखा/अधिकारी :** राजस्व व्यवस्थापन महाशाखा ।

(घ) **लाग्ने समयः-** सोही दिन ।

## ६ सवारी दर्ता तथा नवीकरण तर्फ :

(क) **आवश्यक कागजातहरु :**

- निवेदकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।
- सवारी दर्ता प्रमाणपत्रको प्रतिलिपी ।
- नवीकरण तर्फ दर्ता भएको प्रमाण-पत्र पेश गरी तोकिएको शुल्क बुझाए पछि प्रमाणित गरी उपलव्ध गराईनेछ ।

(ख) **लाग्ने शुल्क/दस्तुर :** कार्ड दस्तुर रु.३०।- सवैको लागि र चालु आ.व.सम्मको तोकिएको सवारी व्यवस्थापन सेवा शुल्कको वार्षिक दरहरु :-

| | |
|---|---|
| बस,ट्रक र लहरी | रु ३,०००।- |
| मिनि बस, मिनी ट्रक | रु.२०००।- |
| माईक्रो बस | रु.१५००।- |
| जिप कार निजी | रु.८००।- |
| भाडाको जिप कार | रु. १,०००।- |
| मोटरसाईकल | रु.३००।- |
| टेम्पु,टेक्टर | रु.५००।- |
| पावर टेलर | रु ३००।- |
| रिक्सा तथा ठेला दस्तुर | रु.१००/- |

(ग) **सम्बन्धित शाखा /अधिकारी :** राजस्व व्यवस्थापन महाशाखा ।

(घ) **लाग्ने समयः-** सोही दिन ।

## ७ बारुण यन्त्र :-

कुनै स्थानमा आगलागी भएमा , खबर फोन नं.०५१-४१८०००.मा वा अन्य कुनै माध्यमबाट प्राप्त भएमा खबर प्राप्त भएको ५ मिनेट भित्र बारुण यन्त्र सम्बन्धित स्थानको लागि प्रस्थान गर्नेछ ।

## ८ विज्ञापन स्वीकृति :-

महानगरपालिका क्षेत्रभित्र रहेको कुनैपनि व्यवसायी/संघ संस्थाले विज्ञापन गर्न चाहेमा स्वीकृतीका लागि देहायका प्रमाणहरु संलग्न गरी महानगरपालिकामा निवेदन पेश गरेमा सोही दिन स्वीकृती उपलब्ध गराईनेछ ।

**(क) आवश्यक कागजातहरुः-**

- व्यक्ति भएमा निवेदन र निवेदकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।
- संस्था भए संस्थाले प्रमाणित गरेको कागजात सहित निवेदन ।
- राख्न चाहेको स्थान उल्लेख भएको कागजात ।
- व्यक्तिको घर अथवा जग्गामा राख्ने भए सोको घर/जग्गाधनीसंग भएको सम्झौता पत्रको प्रतिलिपी ।
- फर्म तथा उधोग भए दर्ता प्रमाणपत्रको प्रतिलिपी ।

**(ख) सेवा शुल्क/दस्तुर :** विज्ञापन करको दररेट वी.म.न.पा.ले तोके बमोजिम हुनेछ ।
**(ग) सम्बन्धित शाखा /अधिकारी**-राजस्व व्यवस्थापन महाशाखा ।
**(घ) लाग्ने समयः** आवश्यक कागजातहरु पेश भए सोही दिन र स्थलगत बुझ्नुपर्ने भए २ दिन भित्र ।

**९ <u>न्यायिक समितिद्धारा कार्य सम्पादन गर्दा लाग्ने दस्तुर :-</u>**

क) निवेदन/उजुरी/फिराद दर्ता दस्तुर रु.५००/-
ख) प्रतिलिपी दस्तुर (प्रतिपाना) रु.१०/-
ग) समाव्हान एवं इलायतनामा (म्याद तामेली) रु.५०/-
घ) लिफा दस्तुर रु.२५/-
ङ) पुरावेदन एवं प्रतिउत्तर पत्र दस्तुर रु.५००/-

**१०. उद्योग दर्ता एवं रजिष्ट्रशन दस्तुर :-**

**क) साझेदारी फर्म दर्ता तथा नवीकरण दस्तुर :-**

| | |
|---|---|
| १ लाख सम्म पुँजीमा रजिष्ट्रेशन दस्तुर | रु.६००/- |
| नवीकरण दस्तुर प्रतिवर्ष | रु.१००/- |
| ३ लाख सम्म पुँजीमा रजिष्ट्रेशन दस्तुर | रु.२,०००/- |
| नवीकरण दस्तुर प्रतिवर्ष | रु.१२५/- |
| १० लाख सम्म पुँजीमा रजिष्ट्रेशन दस्तुर | रु.७,५००/- |
| नवीकरण दस्तुर प्रतिवर्ष | रु.२००/- |
| ५० लाख सम्म पुँजीमा रजिष्ट्रेशन दस्तुर | रु.१०,०००/- |
| नवीकरण दस्तुर प्रतिवर्ष | रु.२२५/- |
| ५० लाख भन्दा माथिको पुँजीमा रजिष्ट्रेशन दस्तुर | रु.१५,०००/- |
| नवीकरण दस्तुर प्रतिवर्ष | रु.३००/- |

**ख) प्राईभेट फर्म दर्ता तथा नवीकरण दस्तुर :-**

| | |
|---|---|
| १ लाख सम्म पुँजीमा रजिष्ट्रेशन दस्तुर | रु.१,०००/- |
| नवीकरण दस्तुर प्रतिवर्ष | रु.६००/- |
| ३ लाख सम्म पुँजीमा रजिष्ट्रेशन दस्तुर | रु.३,०००/- |
| नवीकरण दस्तुर प्रतिवर्ष | रु.१,०००/- |

| | |
|---|---|
| ५ लाख सम्म पुँजीमा रजिष्ट्रेशन दस्तुर | रु.६,०००/- |
| नवीकरण दस्तुर प्रतिवर्ष | रु.१,६००/- |
| २० लाख सम्म पुँजीमा रजिष्ट्रेशन दस्तुर | रु.१२,०००/- |
| नवीकरण दस्तुर प्रतिवर्ष | रु.३,०००/- |
| १ करोड सम्म पुँजीमा रजिष्ट्रेशन दस्तुर | रु.२०,०००/- |
| नवीकरण दस्तुर प्रतिवर्ष | रु.५,०००/- |
| ५ करोड सम्म पुँजीमा रजिष्ट्रेशन दस्तुर | रु.३०,०००/- |
| नवीकरण दस्तुर प्रतिवर्ष | रु.८,०००/- |
| ५ करोड भन्दा माथिको पुँजीमा रजिष्ट्रेशन दस्तुर | रु.५०,०००/- |
| नवीकरण दस्तुर प्रतिवर्ष | रु.१५,०००/- |

**११. दर्ता तथा सञ्चालन ईजाजत दस्तुर :-**

(संस्थागत विद्यालय तथा क्याम्पस)

**(अ) सेवा शुल्क/दस्तुरः-**निवेदनरु.५/-, लिफा रु.२५/-

| | | |
|---|---|---|
| (क) | शिशु स्याहार(मन्टेशरी) सञ्चालन केन्द्र | रु.२५,०००/- |
| (ख) | अधारभुत शिक्ष कक्षा-८ सम्म | रु.५०,०००/- |
| (ग) | माध्यामिक तह कक्षा-१० सम्म | रु.१,००,०००/- |
| (घ) | स्नातक तह र सो भन्दा माथिका क्याम्पसहरु | रु.१,५०,०००/- |

**नोट :- वीरगंज महानगरपालिकाबाट दिइने सम्पुर्ण सेवाहरु वी.म.न.पा.को कर चुक्ता प्रमाणपत्र पेश गरेपछि मात्र उपलब्ध गराईने छ।**